visit Nepal 2020 Lifetime Experiences

# सोल्टी होटल लिमिटेड

# ४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

**(Minutes)**




आर्थिक वर्ष २०७५/७६

२०७६ पौष २४ गते (०९ जनवरी २०२०)

ताहाचल, काठमाण्डौं, नेपाल ।

# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

मितिः २०७६ माघ २
(१६ जनवरी २०२०)

श्री आदरणीय शेयरधनी महानुभाव,

सोल्टी होटल लिमिटेडको मिति २०७६ साल पौष २४ गते तद्नुसार ९ जनवरी २०२०, विहिबारका दिन बिहान ११ बजे, श्री नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं, नेपालमा विधिवत सम्पन्न भएको कम्पनीको ४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, **Minutes**) कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति नेपाली राष्ट्रिय दैनिक आर्थिक अभियानमा मिति २०७६ माघ २ गते प्रकाशित समेत गरिएको जानकारी सहित सो को एक प्रति यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

सःधन्यवाद ।

भवदीय,

लिल बहादुर खत्रीं
कम्पनी सचिव

संलग्न कागजातहरु :–

१ ४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, **Minutes**)

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax:- +977-1-4272201, 4272206 Email: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं
कम्पनी दर्ता न. ९६/०३२

# सोल्टी होटल लिमिटेड

## ४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

### १. वैधानिक सभा

सोल्टी होटल लिमिटेडको २०७६ मंसिर ०२ गते (१८ नोभेम्बर २०१९) सोमबारका दिन बसेको संचालक समितिको २२६औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४५औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट**ज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

### २. सभाको मिति, स्थान र समय

**मिति:** **२०७६ साल पौष २४ गते तद्नुसार ९ जनवरी २०२०, विहिबारका दिन ।**

**स्थान:** **नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं, नेपाल ।**

**समय:** **बिहान ११ बजे प्रारम्भ भई दिउसो २.०० बजे सम्पन्न भएको ।**

### ३. सभाको सूचना

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४५औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा २०७६ मङसिर ६ गते तद्नुसार २२ नोभेम्बर २०१९ शुक्रबार प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ४५औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई संक्षिप्त वार्षिक आर्थिक विवरण पठाउने व्यवस्था भए अनुसार लेखापरीक्षकबाट प्रमाणित, सञ्चालकहरुको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण समेत समावेश गरीएको बिस्तृत सूचना प्रथम पटक **"कान्तिपुर"** राष्ट्रिय दैनिकमा मिति २०७६ मंसिर २४ गते तद्नुसार १० डिसम्बर २०१९ मंगलबारका दिन प्रकाशित गरिएको थियो ।

साथै, कम्पनीको ४५औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको बिस्तृत सूचना "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०७६ मंसिर ३० गते तद्नुसार १६ डिसम्बर २०१९ सोमबारका दिन प्रकाशित गरि शेयरधनीहरुलाई सूचना सम्प्रेषण गरिएको थियो । त्यसैगरी, ४५औं वार्षिक साधारण सभा सम्बन्धि सबै प्रकाशित सूचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध रहेको छ ।

त्यसैगरी, शेयरधनी महानुभावहरुको सूचनार्थ ४५औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त सूचना अनलाइनपत्रिकाहरु "अनलाईन खबर" र "बिजमाण्डू" मा समेत मिति २०७६ पौष २२ गते (७ जनवरी २०२०) गते देखी ४५औं वार्षिक साधारण सभाको मिति सम्म रहने गरी प्रकाशित गरिएको थियो ।

त्यस्तै, कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको व्यक्तिगत ईमेल आईडीमा समेत ईमेल गरी ४५औं वार्षिक साधारण सभा सम्वन्धी सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सम्प्रेषण समेत गरिएको थियो ।

शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेको सम्बन्धित ठेगानामा ४५औं वार्षिक साधारण सभा सम्वन्धी बिस्तृत सूचना, सामान्य जानकारी तथा आवश्यक कागजातहरु, छलफलका विषयहरु र कम्पनीको आर्थिक वर्ष २०७५/७६ को वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको संक्षिप्त वार्षिक प्रतिवेदन २०७५/७६ शेयरधनी महानुभावहरुको जानकारी एवं सूचनार्थ हुलाक र कुरियरबाट समेत सम्प्रेषित गरिएको थियो ।

साथै, ४५औं वार्षिक साधारण सभा सम्बन्धि सम्पूर्ण विवरण सहितको आर्थिक वर्ष २०७५/७६ का वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको ४५औं वार्षिक प्रतिवेदन २०७५/७६ पुस्तक कम्पनीको वेव साईट http:www.soalteehotel.com मा शेयरधनी महानुभावहरु तथा सम्बन्धीत सबैको जानकारी एवं सूचनार्थ उपलब्ध रहेको छ ।

४. **छलफलको विषय**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७६ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वित्तीय विवरणहरु समावेश रहेको

एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ११.३१५७८९४७ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १५ (पन्ध्र प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ (तीन) कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको जारी पूंजी रु. ७५,००,००,००० (अक्षेरेपी पचहत्तर करोड) प्रति शेयर रु. १०/- का दरको ७,५०,००,००० थान साधारण शेयरबाट बृद्धिगरी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयर पुऱ्याउने शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने;

७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

(ग) विविध

८. विविधः अध्यक्षको अनुमति अनुसार ।

५. उपस्थिति

१. संचालकहरुको उपस्थितिः

कम्पनीको ४५औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्रीमती जया राज्य लक्ष्मी शाह, श्री गणेश बहादुर चन्द, श्री निरन्जन कुमार टिवरेवाला, श्री शशी राज पाण्डे, र श्री प्रकाश बिक्रम खत्री तथा श्री भेंकटेश गोमाटामज्यूहरुको उपस्थिति थियो ।

२. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

कम्पनीको ४५औं वार्षिक साधारण सभामा सोल्टी क्राउन प्लाजा, काठमाण्डौंका महाप्रबन्धक, श्री उपल मजुमदार, मुख्य लेखापाल, श्रीमती दुर्गा सुन्दरी श्रेष्ठ, कम्पनी सचिव, श्री लिल बहादुर खत्री, निर्देशक वित्त तथा व्यापार सहयोग, सोल्टी क्राउन प्लाजा, श्री सुर्दशन चापागाई, बैधानिक लेखापरीक्षक, पिकेएफ टी आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट, साझेदार, सि ए श्री सशि सत्याल, र कानूनी सल्लाहकार द्वय श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता तथा श्री समीर शर्मा, अधिवक्ताको उपस्थिति थियो ।

## ३. शेयरधनीहरुको उपस्थिति

१. कुल शेयरधनीहरुको उपस्थिति संख्या ८१०

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ६,५८२ | ८१० | १२.३१% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ७३,२६७,५३७ | ५५,४९५,२२१ | ७५.७४% |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४५औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४५औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा ८१० रहेको र कुल शेयर संख्याको ७५.७४ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ४५औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउदै बिहान ११ बजे कम्पनीको ४५औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न

सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ४५औं वार्षिक साधारण सभाको काम कारबाही अगाडि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूको मन्तब्य

कम्पनीको ४५औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुहुदै अध्यक्षज्यूले समग्रमा अर्न्तराष्ट्रिय परिदृश्य, देशमा विद्यमान अर्थतन्त्र तथा पर्यटन उद्योगको अवस्था तथा होटेलको आर्थिक अवस्थाको सम्बन्धमा संक्षिप्त प्रकाश पार्दै आफ्नो मन्तब्य प्रकट गर्नुभयो ।

हार्दिक श्रद्धाञ्जली

कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले ४५औं वार्षिक साधारण सभामा आफ्नो मन्तब्य प्रकट गर्नु पूर्व, यस कम्पनीका संस्थापक एवं लब्धप्रतिष्ठित उद्योगपति एवं नेपालको पर्यटन विकासका प्रवर्द्धक, नेपालको समग्र औद्योगिक विकास समेतका प्रणेता, मुलुककै बिशिष्ट र सम्मानित व्यक्ति कम्पनीका संस्थापक, पूर्व संचालक, प्रथम महाप्रबन्धक, पूर्व कार्यकारी अध्यक्ष तथा मानार्थ अध्यक्ष, समादरणीय तथा श्रद्धेय श्री प्रभाकर सम्शेर जंग बहादुर राणाज्यूको स्वास्थ्य उपचारको क्रममा गत २०७६ ज्येष्ठ १६ गते तद्नुसार ३० मे २०१९ का दिन असामयिक दुखदः स्वर्गारोहण भएकोमा वहांलाई स्मरण गर्दै वहाँले नेपालको उद्योग क्षेत्रको विकासमा गर्नुभएको महत्वपूर्ण योगदान सदैव स्मरण रहने तथा स्वर्गीय श्री राणाबाट प्रतिपादित कर्पोरेट संस्कारका पदचिन्हहरुको अनुसरण कर्पोरेट जगतले गर्ने उल्लेख गर्नुहुदै स्वर्गीय श्री प्रभाकर सम्शेर जंग बहादुर राणाज्यूको आत्माको चिर शान्तिको प्रार्थना सहित वहां प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नका लागि सभा समक्ष एक मिनेटको मौन धारणको लागि अनुरोध गर्नुभए पश्चात सभाले एक मिनेटको मौन धारण गरी स्वर्गीय श्री राणालाई हार्दिक श्रद्धाञ्जली अर्पण गऱ्यो । (अनुसूची – १)

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

कम्पनीको ४५औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तब्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः

१. आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७६ आषाढ मसान्तको वासलात

(वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वित्तीय विवरणहरु समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) का वार्षिक आर्थिक विवरणहरु (**Financial Statements**), २०७६ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वित्तीय विवरणहरु समेत समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, (**Consolidated Financial Statements**) र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भए बमोजिम सभामा शेयरधनी, (१) श्री गुणराज भट्ट (१०६८८१), (२) श्री बैजू नाथ रौनियार (००९३९६), (३) श्री अशोक उप्रेती (०५२२०२), (४) श्री इन्द्र कृष्ण श्रेष्ठ (०००७८१), (५) श्री जयन्द्र मान सिंह बानिया (०१४९३१), (६) श्री सरोज कुमार श्रेष्ठ (०२१३०८), (७) श्री कुबेर श्रेष्ठ (०००३०४), (८) श्री कृष्ण प्रसाद अधिकारी (०१३२१४), (९) श्री द्वारिकामान प्रधान (०२७७६२), (१०) श्री महेन्द्र बहादुर श्रेष्ठ (०३६५३८), (११) श्री दशरथ रिसाल (२७४६) गरी जम्मा ११ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै कम्पनीबाट शेयरधनीहरुलाई निरन्तर प्रतिफल प्रदान गरिरहेकोमा सराहना गर्दै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो । (यस सम्बन्धी बिस्तृत बिवरण– अनुसूची २ मा)

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो । (यस सम्बन्धी बिस्तृत बिवरण– अनुसूची ३ मा)

## १३. सभाको निर्णय

(क) समान्य प्रस्ताव

१. निर्धारित छलफलको विषय सूचि नम्बर (क) (१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्बसम्मतिबाट संचालक समितिको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वार्षिक प्रतिवेदन पारित गऱ्यो ।

२. निर्धारित छलफलको विषय सूची नम्बर (क) (२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) का वार्षिक आर्थिक विवरणहरु (**Financial Statements**), २०७६ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वित्तीय विवरणहरु समेत समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, (**Consolidated Financial Statements**) र तत्सम्बन्धी टिप्पणीहरु लगायतका बित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. निर्धारित छलफलको विषय सूची नम्बर (क) (३) बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ११.३१५७८९४७ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा, आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले ४५औं बार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात् सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौं लाई आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु.४,५०,०००/– (अक्षेरेपी चार लाख पचास हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक लेखापरीक्षण तथा सोही आर्थिक वर्ष

२०७६/०७७ (२०१९/२०) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. १,००,०००/– (अक्षेरेपी एक लाख मात्र) दिने गरी कम्पनीको कर लेखापरीक्षण गर्न कम्पनीको बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई ४५औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो । सो प्रस्तावको सिफारिश लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो । (लेखापरीक्षण समितिका अध्यक्षको प्रस्तूतीको बिस्तृत बिवरण – अनुसूची ४ मा)

(ख) विशेष प्रस्ताव

५. सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (५) बमोजिम संचालक समितिले लिन मन्जुर तथा चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १५ (पन्ध्र) प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) लाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखी निरन्तर रुपमा अपनाउदै आएको निति अनुसार ०.५ देखि ०.९ सम्मको भिन्न अंक (**fraction**) आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मुल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्न अंक (**fraction**) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मुल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

६. सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (६) बमोजिम कम्पनीको संचालक समितिले बिशेष प्रस्ताव गरे बमोजिम कम्पनीको जारी पूंजी रु. ७५,००,००,००० (अक्षेरेपी पचहत्तर करोड) प्रति शेयर रु. १०/– का दरको ७,५०,००,००० थान साधारण शेयरबाट बृद्धिगरी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/– का दरको १०,००,००,००० थान साधारण शेयर पुऱ्याउने शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने बिशेष प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले संचालक समितिले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीको जारी शेयर पूंजी बृद्धि गर्ने उक्त विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो ।

७. सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (७) बमोजिम संचालक समितिले कम्पनीको शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष

प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने बिशेष प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले संचालक समितिले कम्पनीको **प्रबन्धपत्र र नियमावलीमा संशोधन** गर्न विशेष प्रस्ताव गरे बमोजिम कम्पनीको **प्रबन्धपत्र र नियमावलीमा** निम्नलिखित **संशोधन** गर्ने उक्त विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो :–

**प्रबन्धपत्रको संशोधित व्यवस्था**

कम्पनीको प्रबन्धपत्रको दफा ५ को दोश्रो प्रकरण /अनुच्छेद (पारााग्राफ) मा उल्लेखित साविक व्यवस्था कम्पनीको जारी पूँजीमा निम्नलिखित संशोधन गरिएको छः–

**"कम्पनीको जारी पूँजी रु. १,००,००,००,०००/– (अक्षेरेपि एक अर्ब मात्र) हुनेछ जसलाई रु. १०/– दरको १०,००,००,००० (दश करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।"**

**नियमावलीको संशोधित व्यवस्था**

कम्पनीको नियमावलीको नियम ६ को दोश्रो प्रकरण /अनुच्छेद (पारााग्राफ) मा उल्लेखित साविक व्यवस्था कम्पनीको जारी पूँजीमा निम्नलिखित संशोधन गरिएको छः–

**"कम्पनीको जारी पूँजी रु. १,००,००,००,०००/– (अक्षेरेपि एक अर्ब मात्र) हुनेछ जसलाई रु. १०/– दरको १०,००,००,००० (दश करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।"**

साथै, ४५औं वार्षिक साधारण सभाले **प्रबन्धपत्र र नियमावलीमा संशोधन** गर्न विशेष प्रस्तावको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम उक्त पारित संशोधनमा आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सो गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने विशेष प्रस्तावलाई समेत शेयरधनीहरुको सो सभाले सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो।

(ग) **विविध**

८. **विविधः अध्यक्षको अनुमति अनुसार।**

निर्धारित छलफलको विषय सूची (ग) (८) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो।

१४. **धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक

मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४५औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

## १५. सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो २.०० बजे कम्पनीको ४५औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची १

(४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)

## अध्यक्षज्यूको मन्तब्य

आदरणीय शेयरधनी महानुभावहरु,

संचालक समितिका सदस्य महानुभावहरु,

व्यावस्थापन समुहका पदाधिकारीहरु,

कानूनी सल्लाहकारहरु, लेखापरीक्षकहरु, तथा उपस्थित महिला एवं सज्जनवृन्द,

कम्पनीको यस ४५औं वार्षिक साधारण सभामा पाल्नु हुने समस्त शेयरधनी महानुभावहरु र यस सभामा उपस्थित महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट यहांहरु सबैमा सहृदय कृतज्ञता तथा आभार व्यक्त गर्दै हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ वार्षिक आर्थिक विवरणहरु, २०७६ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र कम्पनी तथा कम्पनीका सहायक कम्पनीहरु सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ का वित्तीय विवरणहरु समेत समावेश गरी तयार गरिएको एकिकृत आर्थिक विवरणहरु, एवं तत्सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु सहित को ४५औं वार्षिक प्रतिवेदन यहांहरु समक्ष प्रस्तुत गर्न पाउदा हामीलाई गौरबको अनुभुति भएको छ ।

शेयरधनी महानुभावहरुले कम्पनीको समिक्षा आर्थिक वर्षको वार्षिक प्रतिवेदनबाट कम्पनीको यर्थाथ आर्थिक अवस्था तथा कार्यप्रगतीको विश्लेषण गरीसक्नु भएको छ भन्ने मैले ठानेको छु ।

संक्षेपमा समीक्षा आर्थिक वर्ष २०७५/७६ को व्यवसायीक गतिविधिबाट प्राप्त आम्दानी तथा कार्यप्रगतीको सिंहालोकन गरी विश्लेषण गर्दा कम्पनीको व्यवसायिक कारोबारबाट प्राप्त प्रतिफल सन्तोषजनक रहेको छ ।

समीक्षा आर्थिक बर्ष २०७५/७६ को कुल आम्दानी गत आर्थिक वर्षको दाँजोमा लगभग १० दशमलब २२ प्रतिशतले बृद्धि भएको छ । समीक्षा आर्थिक वर्षको कुल आम्दानी लगभग १ अर्ब ८४ करोड रहेको थियो । समीक्षा आर्थिक वर्षमा कम्पनीले लगभग ४६ करोड ४३ लाख नगद मुनाफा आर्जन गर्न सफल भएको छ । त्यसैगरी, समीक्षा आर्थिक वर्षमा कम्पनीको आयकर पश्चातको खुद मुनाफा लगभग २९ करोड ९० लाख रहेको छ ।

कम्पनीले होटेल संचालन सम्बन्धी खर्चहरुमा प्रभावकारी रुपमा मितव्ययीता अपनाएको, होटेल व्यावस्थापन अनावश्यक खर्च नियन्त्रण गर्नमा चुस्त रहेको, तथा संचालक समितिले निरन्तर सक्रिय रही समन्वय तथा कम्पनीको कार्यप्रगतिको सम्बन्धमा आवधिक रुपमा प्रभावकारी निगरानी गरेको परिप्रेक्ष्यमा समिक्षा आर्थिक वर्षको खर्च उल्लेख्य रुपमा नियन्त्रण भएको छ जसले कम्पनीको मुनाफा अभिवृद्धि गर्न मद्दत पुऱ्यायो ।

समिक्षा आर्थिक वर्षमा नेपालको पर्यटन क्षेत्रमा उल्लेख्य अभिबृद्धि सहित समग्र आर्थिक गतिविधिमा सुधार आएको छ । नेपालमा सन् २०१८ मा हवाईमार्गबाट मात्रै आएका कुल पर्यटकको संख्या लगभग १२ लाख रहेको थियो जुन सन् २०१७ को भन्दा लगभग २५% ले बढी थियो । पर्यटन बोर्डको पछिल्लो तथ्यांक अनुसार बर्ष सन् २०१९ को पहिलो ११ महिना अर्थात नोभेम्बर महिना सम्ममा लगभग ११ लाख पर्यटक हवाईमार्गबाट नेपाल भ्रमणमा आएका छन् । नेपाल भ्रमणमा आउने पर्यटकको औसत नेपाल बसाई १२.५७ दिनको रहेको छ भने, एक दिनको प्रति पर्यटक खर्च ४२.८ अमेरिकी डलर रहेको छ ।

अन्तर्राष्ट्रिय स्तरमा पर्यटक आगमनमा महत्वपूर्ण अभिबृद्धि भएको छ । अनुकूल आर्थिक वातावरण, हवाई यात्राको उच्च माग, डिजिटल टेक्नोलोजीको भरपूर प्रयोग र विबिध राष्ट्रहरुको विस्तारित भिसा सुविधाहरू जस्ता विभिन्न अनुकुल पक्षहरूले गर्दा विश्व पर्यटन आगमन बृद्धिमा योगदान पुर्‍यायो ।

नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको छ । नेपालको अद्वितीय प्राकृतिक सौदर्यता तथा विविधतापुर्ण सांस्कृतिक सम्पदा पर्यटन विकासका प्रमुख आधार रहेका छन । यसको विस्तारले देशको समग्र आर्थिक क्षेत्रलाई ठूलो टेवा दिने निश्चित छ । यस सम्भावनाको परिप्रेक्ष्यमा अधिकतम हितार्थ नेपाल सरकारले सन् सम्बत २०२० लाई आधार वर्ष मान्दै यस वर्ष देशमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य सहित "नेपाल भ्रमण वर्ष २०२०" को अवधारण ल्याएकोछ । नयाँ पर्यटनका गन्तब्यहरुको पहिचान, धेरै सुविधा सम्पन्न होटेलहरुको निर्माणकार्य भइरहेको छ, र नेपाल सरकारले नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमास्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मत संभार तथा विस्तारको काम चाडो भन्दा चाडो समाप्त गर्ने तर्फ अग्रसर रहेको छ । त्यसैगरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई २०७७ साल जेठ बुद्ध पूर्णिमा सम्ममा संचालनमा ल्याउने लक्ष्य निर्धारण गरिएकोछ । त्यसैगरी, प्रमुख पुरातात्वीक महत्वका सम्पदाहरुको पूर्ननिर्माणलाई पनि तिव्रता दिईएको छ ।

नेपालमा पर्यटन क्षेत्रका लागि अति महत्वाकाँक्षि राष्ट्रिय गौरबका आयोजनाहरु बारामा निर्माणाधिन दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, पोखरामा निर्माण भईरहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र देशको पर्यटन प्रबर्द्धन तथा सम्बर्द्धनसंग प्रत्यक्ष सरोकार भएका नेपाल सरकारबाट थालनी गरिएका दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना, हवाई यातायात क्षमता अभिवृद्धि आयोजना, पर्यटन पूर्वाधार विकास आयोजना, पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना, विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना, पुरातात्विक संरक्षण, सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम, संस्कृति प्रवर्द्धन कार्यक्रम, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय स्थापना जस्ता आयोजनाहरु सम्पन्न भए पश्चात् मुलुकको पर्यटन विकासको गति तिब्र हुनेमा कुनै संदेह छैन ।

विश्व बैंकको गत दिसम्बर २०१९ मा जारी नेपाल विकास अपडेट प्रतिवेदनमा सन् २०१९ मा नेपालको वार्षिक आर्थिक वृद्धिदर ७.१ प्रतिशत हुने प्रक्षेपण गरेको छ । विश्व बैंकको उक्त नेपाल विकास अपडेट २०१९ प्रतिवेदनमा नेपालले आगामी तीन वर्ष सम्म औषत ६.५ प्रतिशतका दरले कुल ग्राहस्थ उत्पादन बृद्धि हुने प्रक्षेपण गरेको छ। त्यसैगरी नेपालको मुद्रा स्फिर्तीको दर सन् २०१९ मा ४.६% रही सन् २०२० मा सो बृद्धि भई ५.५% रहने अनुमान गरिएको छ। अगामी वर्ष नेपालको आर्थिक वृद्धिदर ६.४ प्रतिशत र त्यसपछिको वर्ष ६.५ प्रतिशत हासिल गर्ने प्रक्षेपण छ। सेवा क्षेत्र र रेमिट्यान्यका कारण आर्थिक वृद्धिदरलाई बढी सघाउ पुग्ने समेत विश्व बैंकले जनाएको छ । पर्यटन वर्ष २०२०, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न हुने,

होटल र हवाई रुटको संख्यामा भएको वृद्धिले नेपालको आगामी वर्षको आर्थिक वृद्धिदरलाई सहयोग गर्ने विश्व बैंकको विश्लेषण छ।

नेपालमा पर्यटनको सम्भावना प्रचुर मात्रामा रहेको छ र यसको विस्तारले देशको आर्थिक क्षेत्रलाई ठूलो टेवा दिने पक्का पक्की छ। यस सम्भावनाको अत्यधिक मात्रामा फाईदा लिन तथा पर्यटनलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा प्रतिपादन गर्ने उद्देश्यबाट अभिप्रेरित भई नेपाल सरकारले २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य सहित "नेपाल भ्रमण वर्ष २०२०" को १ जनवरी २०२० का दिन भव्य समुदघाटन गर्दै पर्यटन वर्षको शुभारम्भ भएको घोषणा गरेको छ। सोही अवसरमा नेपाल सरकारले सन् २०२० देखी २०३० को दशकलाई पर्यटक दशकका रुपमा मनाउने घोषणा सहित सन् २०३० सम्म पर्यटनका पूर्वाधार र पर्यटक संख्या बृद्धि गर्दै वार्षिक ५० लाख पर्यटक नेपाल भित्र्याउने महत्वाकांक्षी लक्ष्य लिएको परिप्रेक्ष्यमा नेपालको पर्यटन उद्योगको विकास अपेक्षित रुपमा हुने परिकल्पना गर्न सकिन्छ। यस उपलक्ष्यमा, नयाँ पर्यटनका गन्तब्यहरुको पहिचान, अत्याधुनिक सुविधा सम्पन्न होटेलहरुको उपलब्धता र नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमास्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मत संभार तथा विस्तारको काम समेत द्रुततर गतिमा सम्पन्न हुने अपेक्षा गरिएकोछ।

आदरणीय शेयरधनी महानुभावहरु,

आतिथ्यसत्कार सेवा क्षेत्रमा हाम्रो कम्पनीले विगत ५३ वर्ष देखी निरन्तर रुपमा अग्रणीय भूमिका निर्वाह गर्दै उत्कृष्ट सेवा, उत्पादन र सुविधाहरु प्रदान गर्दै उपलब्ध अत्याधुनिक अन्तर्राष्ट्रिय मापदण्ड र प्रविधिहरुबाट होटेललाई पुर्ननिर्माण तथा स्तरोन्नति गर्दै नयाँ उत्साह तथा जागरका साथ विशिष्ट र उदाहरणीय रुपमा प्रस्तुत हुदै आएकोछ। हाम्रो सटीक नारा अग्रणीय आतिथ्यता (**Poineering Hospitality)** रहेको छ। सोल्टी होटेल ब्राण्ड र ख्याति प्रति हामीलाई गर्व छ र यसअर्थमा हामी अत्यन्त गौरबान्वित छौं। पर्यटन क्षेत्रमा हाम्रो व्यावसायीक दक्षता, लामो पर्यटकीय अनुभव, उद्यमशीलता, विशिष्ठता तथा अग्रणीयता, निरन्तर रुपमा हामीले हाँसिल गरेको उत्कृष्ट व्यावसायीक कार्यकुशलता, सक्ष्यमता र शाखलाई उच्च मनोवलका साथ आत्मसात गर्दै कम्पनीले लगानी विविधिकरण तथा विस्तार गर्ने योजना अगाडी सारी सकेको छ।

यस कम्पनीको आफ्नै ब्राण्डमा नेपाली लगानीकर्ताहरु संगको सहकार्यमा संस्थापित सम्युक्त लगानी कम्पनी मार्फत नेपालगञ्जमा नेपालको पहिलो लिड प्रमाणिकृत बातावरण मैत्री पाँचतारे ***First Green Hotel*** (हरित होटेल) सोल्टी वेष्टेण्ड प्रिमियर, नेपालगञ्जको पूर्ण संचालन गत २०७६ बैशाख ३ गते (१६ अप्रील २०१९) देखि शुभारम्भ भएको शेयरधनी महानुभावहरु समक्ष जानकारी गराउंदछु। यो अवधिमा नेपालगञ्जमा अवस्थित उक्त ऐतिहासिक होटेलले आन्तरिक, अन्तर्राष्ट्रिय पाहुनाहरु तथा विशिष्ट अतिथिहरुलाई स्वागत गर्ने मौका पाई सकेको छ। साथै, सो होटेलमा सेप्टेम्बर २०१९ देखि क्यासिनो माजोंगले Live Casino समेत संचालन शुरु गरि सकेको छ। सो होटेलले आफ्ना संचालन गतिबिधिमा राम्रो कार्यसम्पादन गर्दै उल्लेखनीय गतिमा सफलता पछ्याउदै प्रगतिको पथमा अग्रसर रहेको जानकारी गराउदछु। चालु आर्थिक वर्ष देखि उक्त होटेलले संचालन मुनाफा आर्जन गर्न समेत सफल भएकोले मलाई विश्वास छ कि आगामी वर्षहरुमा उक्त नयां होटेलको समग्र कार्यसम्पादन नतिजा उत्साहजनक हुनेछ।

सिल्भर श्रेणीको लिड प्रमाणीकरण प्रमाणपत्र प्राप्त उक्त ***Green Hotel*** सोल्टी वेस्टेन्ड प्रिमियर होटेल नेपालगञ्जको भवन तथा सोमा जडित मेशिनरी तथा संयन्त्रहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार

विस्तृत विश्लेषण, संश्लेषण र अध्ययन पश्चात् समीक्षा आर्थिक वर्षमा पनि सोल्टी वेस्टेन्ड प्रिमियर होटेलले वातावरण मैत्री ग्रीन होटेलको रुपमा दिईने अन्तर्राष्ट्रिय सम्मान पुरस्कारहरु प्राप्त गर्न सफल भएकोछ ।

संयुक्त लगानी अर्न्तगतको उक्त एसोसिएट कम्पनीको नेपालगञ्ज पश्चात् पोखरा शहरमा अर्को होटेल निर्माण सहित नेपालका अन्य होटेलहरुको व्यावस्थापन जिम्मा लिई होटेल संचालन गर्ने समेत कार्ययोजना रहेको जनाएको छ ।

होटेलमा पाल्नुहुने अतिथि पर्यटक पाहुनाहरुको सेवा तथा सुबिधाहरुलाई समयानुकुल आधुनिकीकरण, पुर्ननिर्माण तथा स्तरोन्नति गर्ने कार्य निरन्तर गरिरहेका छौं र यहांहरुको होटेल उमेरको हिसाबले पुरातात्वीक महत्वको भएतापनि अत्याधुनिक सुबिधा सम्पन्न र नयाँ नवनिर्मित होटेल सरहनै सबै उत्पादन र सेवा सुबिधाहरु चुस्त दुरुस्त रहेका छन् । यसै अनुरुप समिक्षा अर्थिक वर्षमा पनि होटेलका कोठाहरू तथा सभा सम्मेलन हलहरुको पुर्ननिर्माण तथा स्तरोन्नति साजसज्जा तथा समस्त गर्ने कार्य सम्पन्न गर्‍यौं ।

नेपालको उदीयमान प्रसिद्ध Spa तथा Wellness Brand Tranquility Spa ले होटेलमा अत्याधुनिक सुविधा सम्पन्न Spa तथा Wellness Centre संचालन तथा व्यावस्थापन गर्ने जिम्मा लिदै सफलतापूर्वक अन्तर्राष्ट्रिय स्तरका सेवाहरु प्रदान गर्दै आएकोछ ।

त्यसैगरी, गत आर्थिक वर्ष देखी होटेल परिसर भित्र क्यासिनो माजोंग र PRIV'E Hong Kong को संयुक्त प्रयासमा क्यासिनो भवनमा संचालनमा रहेको अत्याधुनिक सुविधा सम्पन्न नाईट क्लब PRIV'E NEPAL सफलतापूर्वक संचालनमा छ ।

कम्पनीले होटेलका पाहुनाहरुलाई प्रदान गरिने सेवा तथा सुविधाहरुको निरन्तर विस्तार तथा स्तरोन्नति गर्ने दीर्घकालिन रणनीति बमोजिम समिक्षा आर्थिक वर्षमा क्यासिनो भवन तथा कर्पोरेट भवन परिसर क्षेत्रमा बृहत पार्किङ क्षेत्र बनाई कालोपत्रे समेत गरिसकेको छ । उक्त पार्किङ क्षेत्रमा एकै समयमा २५० वटा कार तथा १०० वटा मोटरसाईकल पार्किङ सेवा दिन सक्ने क्षमता रहेकोछ । साथै होटेलमा आउने पाहुनाहरुलाई सहज बनाउने हेतुले होटेलको टेनिस कोर्ट संगै एकै समयमा ५० वटा कार तथा २५ वटा मोटरसाईकल पार्किङ गर्न सक्ने क्षमताको अर्को पार्किङ क्षेत्र समेत निर्माण गरिएको छ ।

कम्पनिले होटेल परिसर भित्र आन्तरिक सडक संगैको खुला ठाँउमा होटलको बाह्य आवरणको मुल आकृति सँग मेल खाने गरी एउटा छुट्टै सपिङ आर्केड निर्माण गरेको छ जसमा ६ वटा पसल कवलहरु रहेका छन् ।

कम्पनिले हिमालय विंग भवनको साविक बेसमेण्टलाई पुर्ननिर्माण गरी संकन कोर्ट (Sunken Cout) सहितका थप नयाँ बैठक, र सभा सम्मेलन कक्षहरु निर्माण गरिसकेको छ । कम्पनिको हाल भईरहेको लबि तथा लवि सँगै रहेको बार र अतिथि आगमन स्वागत कक्ष क्षेत्र (Reception Area) लाई पुर्ननिर्माण तथा स्तरोन्नती गर्ने योजना रहेको छ ।

चालू आर्थिक वर्ष २०१९/२० को डिसम्बर ३१ सम्ममा होटेलको जम्मा कूल आम्दानी गत वर्षको सोही अवधिको कूल आम्दानी रुपैयां ८६ करोड ८४ लाख ५० हजारको तुलनामा रुपैयां ८० करोड ४२ लाख ७६ हजार रहेको छ । सन् २०१९ डिसम्बर ३१ सम्मको २८२ कोठाहरुको अकुपेन्सी ४२.०७ प्रतिशत रहेको छ जब कि गत वर्षको सोही अवधिमा २४८ कोठाहरुको अकुपेन्सी ५९.०२ प्रतिशत रहेको थियो । होटलको २८२

कोठाहरुको औसत मूल्यदर र उपलब्ध प्रति कोठा आम्दानी क्रमशः रु. ११,३१४ र रु. ४,७६० रहेको छ जब कि अधिल्लो वर्षको सोही अवधिमा २४८ कोठाको लागि रु. ११,३८७ र रु. ६,७२० रहेको थियो ।

गत आर्थिक वर्षको दाँजोमा होटेलको कोठा आम्दानीमा कमी आएको कारणले चालू आर्थिक वर्षको उल्लेखित अवधिमा कूल आम्दानीमा ह्रास आएको छ । काठमाण्डौं शहरका होटेलहरुको कोठा आपूर्तिमा आगामी दुई बर्षमा अन्तर्राष्ट्रिय चेन होटेलहरुको प्रवेश संगसंगै अत्याधिक बृद्धि हुनेछ । जस मध्ये केही होटेलहरु संचालनमा आईसकेका र केही संचालनमा आउने तयारी अवस्थामा रहेको भएतापनि कोठाहरुको मागमा उल्लेख्य परिवर्तन भएको छैन र बढी वा कम नभई माग स्थिर छ । अन्तर्राष्ट्रिय स्तरका नयाँ चेन होटेलहरु सञ्चालनमा आएपछि होटेलहरु बीच तिब्र प्रतिष्पर्धा हुने प्रवल सम्भावना रहेको छ, जसले होटेलहरु बीच अस्वस्थ्य मूल्य युद्ध हुन सक्ने तर्फ संकेत समेत गर्दछ । यी सबै कारणहरूले गर्दा होटेलको समग्र व्यवसायमा नकारात्मक प्रभाव पर्नुका साथै आम्दानी तथा मुनाफामा समेत प्रतिकुल प्रभाव पर्न सक्दछ । यद्यपि कम्पनीको संचालक समिति तथा होटेल व्यवस्थापन समुह सम्भावित प्रतिकुल प्रभाव प्रति पूर्ण रूपले सचेत छ र सम्भावित व्यवसायमा आउन सक्ने ह्रासलाई न्यूनीकरण गर्न तथा मुनाफालाई यथावत कायम राख्नको निम्ती अपनाउनु पर्ने सबै उपयुक्त रणनीतिहरू अपनाउने नै छ ।

कम्पनीको लगानी रहेको महाभुकम्प र बाढी पैरोबाट क्षतिग्रस्त माथिल्लो भोटेकोशी विद्युत कम्पनीको सम्पुर्ण पुर्ननिर्माण, हेडवर्क र पावरहाउसको निर्माणको कार्य निरन्तर अगाडी बढीरहेको जानकारी उक्त कम्पनीले गराएकोछ । पुर्ननिर्माण कार्यको प्रगति सन्तोषजनक रहेको र उक्त पुर्ननिर्माण परियोजना २०७६ साल पुस महिना सम्ममा पुनः सञ्चालनमा ल्याउने लक्ष्य अनुरुप काम भईरहेको जानकारी गराएको छ । साथै भोटेकोशी पावर कम्पनीको पावर प्लान्ट सञ्चालनमा नआएसम्म उक्त कम्पनीका शेयरधनीहरूलाई लाभांश वितरण गर्न नसकिने समेत जानकारी दिएको छ ।

नेपालमा देशका विभिन्न पर्यटकीय गन्तब्यहरुमा भ्रमण गर्ने आन्तरिक पर्यटकहरुको संख्यामा समेत उल्लेख वृद्धि भएको तथ्याङ्क छ । नेपाल प्राकृतिक सम्पदाको सौन्दर्यताले भरिपूर्ण, विभिन्न सम्पदा स्थल, धार्मिक तथा पौराणीक स्थल, सांस्कृतिक तथा ऐतिहासिक धरोहर सम्पदा रहेको विविधताले सुसम्पन्न देश हो । तथापि, नेपालले प्रयाप्त पर्यटकलाई नेपालमा भित्र्याउन सकिरहेको छैन । नेपालको पर्यटन क्षेत्रको विकासका लागि सहज यातायात सेवा, हवाई सेवामा सुधार, पर्यटकलाई चाहीने सही जानकारी दिने सरल तथा सहज मैत्रीपूर्ण सम्यन्त्रको व्यावस्था, अन्वेषणात्मक बजार व्यावस्थापन, र प्रचार प्रसारको लागि आधुनिक प्रविधिको प्रयोग, जस्ता कारक तत्वहरुलाई निदान गरेमा नेपालको पर्यटनको समुचित विकास सुनिश्चित छ ।

कम्पनीको संचालक समितिले शेयरधनी महानुभावहरुलाई कम्पनीको लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको ११.३२ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने र कम्पनीको लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको १५ प्रतिशत बोनश शेयर वितरण गर्न सिफारिश गरेको सहर्ष जानकारी गराउदछु । समग्रमा, शेयरधनी महानुभावहरुले लगभग २६.३२ प्रतिशतका दरले लगानीको प्रतिफल प्राप्त गर्नु हुनेछ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको छ । सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र ब्यावस्थापन तथा कामदार कर्मचारीहरु बीचको सहकार्य, समन्वय एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै यस कम्पनीको

उन्नतीमा अरु थप हौसला तथा उच्च स्तरको सहयोग मिल्ने कुरा प्रति संचालक समिति सहित म पूर्ण विश्वस्त छु ।

आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीलाई दिनुभएको अमूल्य सुझाव र सल्लाह प्रति म कृतज्ञता ज्ञापन गर्दछु । साथै, शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यावस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एंव भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्दछु ।

कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सक्रीय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य मार्ग निर्देशन, नैतिक सहयोग र समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति म र संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्कङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरुलाई कुशल व्यावस्थापन र कार्यसम्पादन सहित उच्च स्तरको सहकार्य प्रति हामी अभार व्यक्त गर्दै भविश्यमा पनि यसको निरन्तरताको अपेक्षा गर्दछौं ।

होटेलका कर्मचारीहरुको क्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त हुदै, म व्यक्तिगत र संचालक समितिको तर्फबाट सम्पूर्ण सहकर्मी कर्मचारीहरुको अथक मेहनत, परिश्रम, सुझाव, सल्लाह, सहयोग र हौसला प्रति हार्दिक आभार र धन्यवाद व्यक्त गर्दछु ।

कम्पनीलाई निरंतर सहयोग र संरक्षण प्रदान गर्नुहुने होटेलमा पाल्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनु हुने ट्राभल एजेन्सीहरु, एयरलाईन्सहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनु हुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मंत्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड किलियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ–आफ्नो ठांउबाट पुऱ्याउदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु !

धन्यवाद !

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची २

(४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित ११ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुंदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियोः–

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेकोछ :–

| क्रम सख्या | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | बक्ता शेयरधनीको नाम | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | १०६८८१ | श्री गुणराज भट्ट | १०० |
| २ | ००९३९६ | श्री बैजू नाथ रौनियार | ७७३ |
| ३ | ०५२२०२ | श्री अशोक उप्रेती | १२७ |
| ४ | ०००७८१ | श्री इन्द्र कृष्ण श्रेष्ठ | १०० |
| ५ | ०१४९३१ | श्री जयन्द्र मान सिंह बानिया | १२२६ |
| ६ | ०२१३०८ | श्री सरोज कुमार श्रेष्ठ | ४१८ |
| ७ | ०००३०४ | श्री मेजर कुबेर श्रेष्ठ | ११२२ |
| ८ | ०१३२१४ | श्री कृष्ण प्रसाद अधिकारी | १०० |
| ९ | ०२७७६२ | श्री द्वारिकामान प्रधान | ११,९२४ |
| १० | ०३६५३८ | श्री महेन्द्र बहादुर श्रेष्ठ | ३६३ |
| ११ | २७४६ | श्री दशरथ रिसाल | ८,२७० |

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुले सामुहिक रुपमा व्यक्त गर्नुभएको सुझाव, सराहना र मन्तब्य

१. कम्पनीको संचालक समितिले शेयरधनीहरुलाई चुक्ता पूँजीको लगभग ११.३२ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने र चुक्ता पूँजीको १५ प्रतिशतका दरले बोनस शेयर दिने सिफारिश गर्नुभएकोमा संचालक समितिलाई हार्दिक धन्यवाद ।

२. कम्पनीको आर्थिक अवस्था राम्रो छ। प्रति शेयर अम्दामी राम्रो छ। कर अघिको मुनाफा पनि गत वर्षको दाँजोमा वढेको छ।

३. शेयरधनीहरुलाई मुनाफा वितरण दर बृद्धि गरी ४० देखि ५० प्रतिशत सम्म पुऱ्याउनु पऱ्यो।

४. कम्पनीको कार्यसम्पादन राम्रो छ आउने वर्षहरुमा होटेल अफ्ष राम्रो मुनाफा आर्जन गर्न सफल होस्।

छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुफ्षावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी बक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तब्य, जिज्ञांशा, एवं सुफ्षावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१. श्री गुणराज भट्ट

   १. कम्पनीको सञ्चालक समितिमा नौ जना संचालकहरु तथा कानूनी सल्लाहकारहरुमा दुई जना बरिष्ठ अधिवक्ता सहित चार जनाको जम्वो टोली भयो, यसलाई कम गर्नुपऱ्यो।

   २. आगामी वर्ष देखि कम्पनीको साधारण सभा सोल्टी होटलमा गर्ने ब्यावस्था गर्नुपऱ्यो। साधारण सभा अन्यत्र गर्दा हुने अनावश्यक खर्च कटौती गरी मुनाफा बृद्धि गरी शेयरधनिहरुलाई प्रतिफल वितरण गर्नुपऱ्यो।

   ३. समिक्षा आर्थिक बर्षमा शेयरधनीहरुलाई वितरण गर्न शिफारिस गर्नुभएको प्रतिफल राम्रो भएकोले संचालक समिति तथा सम्बन्धीत सबैलाई धन्यवाद।

   ४. सन् सम्बत् वर्ष २०२० लाई नेपाल सरकारले नेपाल भ्रमण बर्ष २०२० घोषणा गरेको छ। सोल्टी होटेल नेपालकै प्रतिष्ठित पांचतारे होटेल भएकोले निश्चितरुपमा होटेलको ब्यावसायमा अभिबृद्धि हुने नै छ। त्यसैले आगामी साधारण सभामा शेयरधनिहरुलाई ४०% मुनाफा बितरण हुने अपेक्षा शेयरधनिहरुले गरेका छन्।

   ५. यस होटेलका सञ्चालकज्यूहरु देशकै गण्यमान्य ब्यक्तित्वहरु हुनु भएको र नेपाल सरकारको सम्बन्धीत निकायमा समेत राम्रो पहुच भएको हुंदा होटेलसँग सम्बन्धीत पर्यटन क्षेत्रका केही अप्ठ्याराहरु समाधान गर्न सक्षम हुनुहोला भन्ने अपेक्षा लिएका छौं।

   ६. फोहोर मैला तथा वातावरण प्रदुषण नियन्त्रणका लागि प्लाष्टीक निशेध गर्न नसकेको, दिनानुदिन यसबाट वातावरण प्रदुषण भईरहेको छ। यसबाट पर्यटकहरुलाई समेत समस्या हुने हुँदा सम्बन्धीत निकाय समक्ष आवाज उठाउनु पऱ्यो।

   ७. सोल्टी होटलले नेपालगञ्जको साटो पहिलो होटेल पोखरामा खोलेको भए धेरै राम्रो हुने थियो किनकी पोखरा नेपालको दोश्रो ठुलो पर्यटक गन्तब्य रहेको छ।

२ श्री बैजुनाथ रौनियार

   १. समिक्षा आर्थिक बर्षमा शेयरधनीहरुलाई वितरण गर्नुभएको मुनाफा राम्रो भएकोले धन्यवाद छ।

   २. कम्पनीले यस बर्ष वितरण गरेको भन्दा आगामी वर्ष बढी दरमा मुनाफा बितरण गर्नुहुन अनुरोध छ।

   ३. आर्थिक विवरणमा स्थगन कर्मचारी सुविधाका सम्वन्धमा उल्लेख गरीएको छ सो खर्चको सम्वन्धमा स्पष्ट खुलाइएको छैन।

   ४. संदिग्ध खराब अशोध्य प्राप्य (Bad/Doubtful Debts) को लागी नोक्सानी ब्यवस्था ५० लाख गरेको पाईयो सो सम्वन्धमा स्पष्ट पारिदिनु पऱ्यो।

५. कम्पनीले कानूनी प्रावधानको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard) को मापदण्डको आधारमा वित्तीय विवरणहरु तयार पारी प्रस्तुत गरेको पाईएकोले कम्पनी तथा लेखा समितिलाई धन्यवाद ।

६. कम्पनीले रणनीतिक योजनाहरु पनि बनाएको जानकारी गराएको छ, यो अत्यन्त सराहनीय कार्य हो ।

७. कम्पनीले यो वर्ष कुनै पनि नयां मुद्दा नभएको जनाएको छ, मुद्दा न्यूनिकरण गरिएकोमा धन्यवाद ।

८. कम्पनीले भोटेकोशी सञ्चालन नभए सम्म उक्त कम्पनीबाट मुनाफा नपाउने उल्लेख गरेको छ सो सम्बन्धमा स्पष्ट पारिदिनु पर्‍यो ।

९. कम्पनीले नेपालगन्जमा होटेल सञ्चालनमा ल्याएको जानकारी प्राप्त भयो जसमा क्यासिनो समेत रहेछ । नेपालगन्जमा भारतका विभिन्न शहर खासगरी लखनऊबाट गेष्टहरु आउने गर्दछन, यो राम्रो प्रयास हो ।

१०. कम्पनीले पोखरामा पनि होटेल निर्माणको लागि जग्गा खरिद गरिसकेको जनाएकोछ । अतः तत्काल होटेल खोलियोस् ।

११. कम्पनीका शेयरधनिहरुले हालको सम्म बुझ्न बाँकी कुल रकम रुपैंयां ९० लाख ७८ हजार नगद लाभांश् रहेछ सो सम्वन्धीत शेयर धनिले प्राप्त गर्न के गर्न सकिन्छ कम्पनीवाट पहल गरियोस् ।

१२. कम्पनीको आम्दामी गत आर्थिक वर्षको तुलनामा समिक्षा आर्थिक वर्षमा घटेको छ सो बढाउने तर्फ कम्पनीले ध्यान दिनु पर्‍यो ।

३. श्री अशोक उप्रेती

१. नेपालको पर्यटनको ईतिहास र सोल्टी होटेलको ईतिहासको विकाशक्रम सँगै-सँगै अघि बढेको छ, त्यसैले यो होटेल पर्यटनको माध्यमबाट देशको ख्याती फैलाउने होटेलको रुपमा समेत स्थापित छ ।

२. कम्पनीले शेयरधनीहरुलाई वितरण गर्ने मुनाफा आगामी बर्ष अझै बढ्छ भन्ने अपेक्षा शेयरधनीहरुले गरेका छन् । चालु वर्ष पर्यटन बर्ष २०२० पनि भएकोले नेपालमा पर्यटक आगमन सँख्या बृद्धि हुने अपेक्षा गरिएको छ साथै सोल्टी होटेलमा पनि पर्यटकको संख्या बृद्धि भई होटेलको आम्दानी बढ्ने भएकोले यो अन्तर सम्बन्धित छ ।

३. नेपालमा पर्यटक संख्या वृद्धिको लागि अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गर्न नेपाल सरकार र सोल्टी होटेल सँग-सँगै जानुपर्छ । त्यसबाट मात्र पर्यटनको विकास सम्भव छ ।

४. श्री ईन्द्र कृष्ण श्रेष्ठ

१. नेपाल घुम्न आउने पर्यटकहरुलाई नेपाल सरकारले बिभिन्न ठाउँमा प्रवेश शुल्क लिने गरेकोले पर्यटक हतोत्साही हुँने हुँदा सो शुल्क हटाई पर्यटकको लागि नेपाल आकर्षणको केन्द्र बनाउन सरकारले पहल गर्नुपर्छ ।

२. सोल्टी होटलको शेयरको परल मुल्य रु. १० रुपैयाँ प्रति शेयर रहेकाले अरु होटलहरुको जस्तै यो शेयरको परल मुल्य लाई बृद्धि गरी १०० रुपैयाँको बनाउनु पर्‍यो ।

३. कम्पनीका सञ्चालक समितिका सदस्यहरुको संख्या बैंकहरुको जस्तै सानो बनाउनु पर्‍यो ।

४. कम्पनीमा चार जना वकिलहरु छन्, धेरै वकिल राख्न पर्ने कारण स्पष्ट पार्नु पर्‍यो ।

५. शेयरधनीहरुले हाल सम्म दावी नगरेको नगद लाभांस तत्काल सम्बन्धीत शेयरधनीहरुले पाउने वातावरण मिलाउन पहल गरियोस् ।

६. कम्पनीले यस वर्षको मुनाफा चाँडो भन्दा चाँडो वितरण गर्नु पर्‍यो ।

७. होटेलमा विदेशी पाहुनाहरु वस्दा प्रतिदिनको दर कती हो सो को स्पस्ट रुपमा आगामी बर्षदेखि बार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्‍यो ।

५. श्री जयन्द्र मान सिंह बानिया

१. कम्पनीको गत बर्षको आम्दानीको दाँजोमा यस बर्ष ह्रास आएको छ । यसमा आगामी बर्ष सुधार होस् ।

२. होटेलको लाभांश (Return on Equity) लाई हेर्दा गत आर्थिक वर्षमा १९% रहेको मा यस वर्ष १८% मा झरेको छ सोल्टी जस्तो होटेलको २०% भन्दा कम नहुनु पर्ने हो किन त्यसो भयो स्पष्ट पारिदिनु पर्‍यो ।

३. होटेलको प्रतिशेयर आम्दानी (Earning per share) गत वर्ष ४.१९ रुपयाँ रहेकोमा यस बर्ष ४.०८ रहेको छ । यसलाई हेर्दा यस बर्ष नै ४०% मुनाफा वितरण गर्न सक्ने अवस्था कायम थियो । मुनाफा संचिति राख्दा पनि ३०% सम्म वितरण गर्न सकिन्थ्यो ।

४. प्राईस अर्निंग रेसियो गत वर्ष ५७.९६ गुणाको तुलनामा समिक्षा वर्षमा ५९.७९ गुणा रहेको छ यसको आधारमा हेर्दा अहिले बजारबाट किनेको शेयरको मुल्य फिर्ता लिन ६० वर्ष कुर्नु पर्ने देखिन्छ । समान्यतः यसमा १०/१२ भन्दा माथि जानु हुदैन । लागानीको प्रतिफल पाउन ज्यादै नै ढिलो भएको छ ।

५. ब्यापारिक आसामी तथा प्राप्तहुनु पर्ने रकम चाँडै उठायो भने सो रकम परिचालन गरेर पनि आम्दानी बृद्धि गर्न सकिन्छ ।

६. होटलको आम्दानीको मुल आधार अक्यूपेन्सी हो यस होटेलको अक्यूपेन्सी गत वर्ष ६३.५२ रहेकोमा यस वर्ष घटेर ५१.६५ रहेको छ । यसलाई हेर्दा करिव ५०% कोठा विना उपयोग बसेको देखिन्छ । त्यसैले प्रचार प्रचार गरेर १००% कोठा बिकी गर्न सक्ने वातावरण बनाई अहिलेको आम्दानीलाई दोब्बर गर्न सकिन्छ ।

७. व्यावसायको विश्लेषण गर्दा कोठाबाट भन्दा बढी आय खाना आपूर्तिबाट भएको देखियो । होटलको मुख्य ब्यापार कोठा आपूर्ति हो यसरी हेर्दा यो होटेल सञ्चालन गर्ने व्यावस्थापन समुह अत्यन्त कम्जोर रहेको देखिन्छ ।

८. होटेलको कर्मचारी खर्च ३६%, होटेल सञ्चालन खर्च १६% र बांकी अन्य खर्च १८% रहेको छ अतः खर्च कटौती गरी आम्दनी बृद्धी गर्ने सुझाव छ ।

९. ५३ वर्ष पुरानो कम्पनी भएकाले यसको संचित मुनाफा तथा जगेडा, शेयर पूँजीको दांजोमा अत्यन्त कम रहेको छ यसलाई अझै पनी बढाउन सुझाव छ ।

१०. व्यवस्थापन शुल्क गत वर्षको तुलनामा १२.६४ प्रतिशतले बृद्धी भएको छ यो कुन आधारमा, कसरी र किन बृद्धी भयो प्रष्ट पार्नु पर्‍यो ।

११. विदेशी मुद्रा सटहिबाट गत आर्थिक वर्ष रु. ७२.५५ लाख आम्दानी भएको दांजोमा समिक्षा आर्थिक वर्षमा रु. १९.१५ लाख नोक्सान भएको उल्लेख छ । विदेशी मुद्रा सटहिबाट आम्दानी गर्न सुझाव छ ।

६. श्री सरोज कुमार श्रेष्ठ

१. यस सोल्टी होटल लिमिटेडले परम्परागत रुपवाट धान्दै आएको ईज्जत यस वर्ष पनी निरन्तरता दिएकोमा धन्यवाद छ ।

२. प्रतिवेदनमा खर्चमा किफायत गरिएको उल्लेख गरिएको भएतापनि तथ्याङ्कहरुबाट त्यो पुष्टि भएन । आम्दानी १०.२२% ले बृद्धि भएको भएतापनि कुल खर्च ११.३९% ले बृद्धि भएको छ ।

३. सञ्चालक समितिका पदाधिकारीहरुको संख्या धेरै भयो यसलाई वित्तीय संस्थामा जस्तै चुस्त दुस्त बनाउनु पऱ्यो ।

४. समिक्षा आर्थिक बर्षमा कुल कारोबार १६६ करोड बाट १८३ करोड पुऱ्याउन सक्नु सकारात्मक पक्ष हो । तथापी कोठाको अक्यूपेन्सी प्रतिशत ६३.५२ प्रतिशत बाट घटेर ५१.७५ प्रतिशतमा आएको अवस्थामा पनि कारोबार बृद्धि गराउन सफल हुनुभएकोले यहाँहरुले मेहनत गरेको स्पष्ट रुपमा तथ्यांकहरुले देखाउँछन् यो कम्पनीको लागि सकारात्मक पक्ष हो ।

५. कम्पनीको कारोबार चाही बढेको छ तथापी प्रतिशेयर आम्दानी रु. ४.१९ बाट ४.०८ मा झरेको छ, । यसको विश्लेषणात्मक अध्ययन गर्दा खर्चमा बृद्धि भएको कारणबाट यस्तो तथ्यांक परिलक्षित भएको हो, यसलाई सुधार गर्नुपऱ्यो ।

६. आयकर पछिको खुद मुनाफा २९९०.१२ लाख रहेको छ । साथै सो सबै खुद मुनाफालाई यसै बर्ष खुद जगेडामा सारेको उल्लेख छ, स्पष्ट पारिदिनु पऱ्यो ।

७. श्री मेजर कुबेर श्रेष्ठ

१. सभा भवनमा शेयरधनीहरुको उपस्थिति अत्यन्त कम भयो । अध्यक्ष तथा सर्ब साधारण शेयरधनीबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालकले यस सम्बन्धमा विचार गर्नुपऱ्यो ।

२. सोल्टी होटलको सबै भन्दा राम्रो पक्ष कुनै पनि बैंकमा यसको ऋण छैन तथापी यसको आम्दानी चाही कम भयो ।

३. कम्पनीले यस बर्ष २६.३२ प्रतिशत मुनाफा वितरण गरेको छ तथापी कम्पनीको शेयरको बजार मुल्य कुनै बेला उच्चतम् थियो हाल तुलनात्मक रुपमा तल झरेको छ । त्यो किन र के कारणले भयो विचार पुऱ्याउनु पऱ्यो ।

४. नेपाल बायुसेवा निगमले सोल्टी होटेललाई तिर्नुपर्ने रकम हाल सम्म किन भुक्तानी नगरेको हो । होटेलले सो रकम भुक्तानी प्राप्त गर्ने प्रबन्ध मिलाउनु पऱ्यो ।

५. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीले हाल गरिरहेको कामहरुको लागि धन्यवाद दिदै आगामी दिनमा निःशक्त व्यक्ति (फरक क्षमता भएका व्यक्ति) हरु जो शैक्षिक योग्यता भएका र जिम्मेवार पूर्वक काम गर्न सक्ने छन् तिनीहरुलाई रोजगारी दिनु पऱ्यो ।

६. यस कम्पनीका सबै सञ्चालकज्यूहरु धेरै बर्ष देखि नियमित रुपमा सञ्चालकमा रही रहनु भएको छ, संस्था प्रति के कस्तो योगदान गर्नुभएको छ सोको पनि विश्लेषण गर्नु पऱ्यो ।

७. कम्पनीको शेयरको बजारमुल्य बृद्धि गर्न तथा मुनाफा वितरणको प्रतिशत पनि बृद्धि गर्नु पऱ्यो ।

८. श्री कृष्ण प्रसाद अधिकारी

१. शेयरको बजार मूल्य झरेर २०० मा आउनु राम्रो होईन, यसलाई बढाउन कम्पनीले कोशिस गर्नु पऱ्यो ।

२. होटेलले विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारहरु प्राप्त गर्न सफल भएको रहेछ यो सबै शेयरधनीहरुको लागि खुसीको कुरा हो ।

३. शेयरधनीहरुलाई वितरण गर्ने मुनाफा अत्यन्त कम भयो यसलाई बृद्धि गर्नुपर्‍यो । साथै आगामी बर्ष ५०% मुनाफा वितरण गर्ने वातावरण मिलाउनुहोस् ।

४. पर्यटन बर्ष २०२० मा कम्पनीले कति विदेशी मुद्रा आर्जन गर्ने लक्ष्य लिएको छ स्पष्ट पार्नुपर्‍यो ।

५. कम्पनिहरुले आफ्नो बार्षिक प्रतिवेदन नेपाली भाषामा बनाउनु पर्‍यो । आगामी बर्षदेखि नेपाली भाषामा नै बार्षिक प्रतिवेदन बनाइयोस् ।

६. सञ्चालक समितिको संख्या धेरै भयो यसलाई कम गर्नु पर्‍यो ।

९. श्री द्वारीका मान प्रधान

१. यस गरिमामय सभामा अन्यन्त झिना एवं मसिना कुराहरु उठेका छन ।  शेयरधनीहरुले पनि बिचार गर्नु पर्‍यो यो आफ्नै कम्पनी हो अरुको होईन । यहाँ उपस्थित शेयरधनीहरुले कम्पनीको अपनत्व स्वीकार गर्नृ पर्‍यो ।

२. शक्तिशाली देशका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरु नेपालमा आउँदा प्रायः बस्ने र खाने होटल सोल्टी होटल नै हो । यस होटलले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा निकै ख्याती कमाएको छ। यस्तो कम्पनीको यस गरिमामय सभामा अन्यन्त झिना एवं मसिना कुरामा अल्झनु पटक्कै राम्रो होइन ।

३. शेयरधनीहरुको केही असन्तुष्टी खाना, साधारण सभास्थल लगायतका अत्यन्त झिना मसिना विषयमा रहेकोले ती बिषयहरुलाई सम्बोधन गर्दा होटललाई ठूलै भार पर्दैन भने सम्बोधन गरिदिनु होला ।

१०. श्री महेन्द्र बहादुर श्रेष्ठ

१. कम्पनीले वितरण गर्न प्रस्ताव गरेको २६.३२ प्रतिशत मुनाफाको लागि धन्यवाद ।

२. विदेशी मुद्राको आम्दानीको मुख्य श्रोत पर्यटन रहेको छ। बैदेशीक रोजगारीमा जान रोक्ने मुख्य आधार पनि नेपालको पर्यटन नै हो । सोल्टी होटलले देशकै पर्यटन  क्षेत्रको विकाशमा महत्वपूर्ण योगदान दिएको छ । त्यसैगरी राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरु नेपालमा आउँदा बस्ने तथा खाने ब्यवस्था प्रायः सोल्टी होटेल मा हुने गर्दछ । सोल्टी होटेलले राष्ट्रकै इज्जत जोगाउन सफल भएकोमा धन्यवाद छ ।

३. शेयरधनीहरुलाई वितरण गर्ने मुनाफाको दर बृद्धि गरी ४० देखि ५० प्रतिशत सम्म पुर्‍याउनु पर्‍यो ।

४. नेपाल मुक्तिनाथ, पशुपतिनाथ, गौतम बुद्ध जन्मेको र सगरमाथा भएको देश हो ।  यि क्षेत्रहरुमा धार्मिक लगायत अन्य पर्यटनको प्रचुर सम्भावना रहेकोले उक्त कुरालाई प्रचार प्रसार गर्न सोल्टी होटलले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भुमिका खेलोस् ।

५. होटलको विक्रि बढाउन शेयरधनीहरुले होटेलको सेवा लिएमा छुट दिने ब्यवस्था गर्नुपर्‍यो ।

६. सोल्टी होटलमा एउटा ठूलो बुद्धको मुर्ति राख्नु पर्‍यो, जसबाट बुद्ध जन्मिएको देशको रुपमा प्रचार एवं प्रसार भई पर्यटक आवागमनमा बृद्धि हुन सक्छ ।

७. बार्षिक साधारण सभा सँधै पोष महिनामा गर्दा अत्याधिक चिसोको कारण धेरै शेयरधनीहरु सभामा उपस्थित हुन नसक्नु भएकोले सम्भव भएसम्म आगामी बर्षदेखि दशैं सम्ममा बार्षिक साधारण सभा समापन गर्ने योजनाका साथ अगाडि बढौं ।

११. श्री दशरथ रिजाल

१. होटलको आम्दानी राम्रो छ तथापी कोठा विक्रिबाट भएको आम्दानीको तुलनामा खाना विक्रिबाट भएको आम्दानी बढी छ । कोठा विक्रि दर पनि खासै राम्रो देखिदैन ।

२. विदेशी कामदारहरुले नेपालको बस्तुस्थिती, यहाँका ट्राभल एजेन्सीहरु, पाहुना पठाउने अन्य एजेन्टहरु र स्थानीयहरु समेतलाई राम्ररी बुझेका हुँदैनन् । होटल सञ्चालन विदेशी चेन अन्तर्गत भएकोले महाप्रबन्धक विदेशी राखेतापनि बाँकी श्रमिकहरु सकेसम्म नेपाली नै राख्नु पर्‍यो । होटलमा विदेशी श्रमिकहरुको संख्या केही समयदेखि निरन्तर थपिदै गएको छ ।

३. विदेशी कामदारहरु नियमानुसार कानूनमा व्यावस्था भए अनुसार भन्दा बढी समय सम्म राखिएको भए कम्पनीमा नकारात्मक प्रभाव पर्न सक्छ त्यसलाई विचार गरी राखियोस् ।

४. होटलका महाप्रबन्धकको जनसम्पर्क धेरै नै राम्रो छ भन्ने सुनेको छु तथापी ट्राभल एजेन्सीहरु सँग सम्बन्ध विग्रिएर हुन सक्दछ किनकि होटलको कोठा विक्रिदर घटेको छ । कोठा विक्रि बढाउन के गर्नुपर्छ, सोच्नु होला ।

यस पछि कम्पनीको ४५औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुको तर्फबाट मन्तब्य राख्ने क्रम सकिएको थियो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

सोल्टी होटल लिमिटेड काठमाडौं

# अनुसूची ३

**(४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)**

## सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो :

**शेयरधनी महानुभावहरुले उठाउनु भएका कुराहरुको कार्यकारी अध्यक्षले दिनुभएको जवाफ**

१. शेयरधनीहरुको सोल्टी होटलले कम्पनीको बार्षिक साधारण सभा आफ्नै होटलमा नगरी बाहिर गर्ने गरेको जिज्ञासाको सम्बन्धमा सर्वसाधारण शेयरधनीहरुलाई शेयर वितरण गरे पश्चात्को बिक्रम सम्बत् २०५० (१९९४) सालको कम्पनीको १९औं साधारण सभा यसै नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा सुसम्पन्न गरिएको थियो । त्यसपछिका बार्षिक साधारण सभाहरु नेपाल प्रज्ञा प्रतिष्ठान, तत्कालिन होटेल ब्लूस्टार त्रिपुरेश्वर, नेपाल प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय सभागृह र नेपाल प्रज्ञा प्रतिष्ठान हुदै आएको इतिहास छ । तद्पश्चात् २०५५ (१९९८) सालमा अधिकतम शेयरधनी महानुभावहरुको आफ्नै होटेलको प्रांगणमा बार्षिक साधारण सभा गर्ने अनुरोधलाई आत्मसात गर्दै कम्पनीका तत्कालिन शेयरधनीहरुको कुल संख्यालाई ध्यानमा राख्दै विगतका बार्षिक साधारण सभाहरुमा भएका उपस्थितिहरुको समिक्षात्मक विश्लेषण समेत गर्दै, उपस्थित शेयरधनीहरु अटाउन सक्ने क्षमताको मेघामल्हार प्रेक्षालय पनि निर्माण भएकोले कम्पनीको २४औं बार्षिक साधारण सभा देखी ४२औं बार्षिक साधारण सभा सम्म नियमित रुपमा सोल्टी होटेलमा नै सुसम्पन्न गरिएको थियो ।

कम्पनीका बार्षिक साधारण सभाहरुमा शेयरधनी महानुभावहरुको उपस्थिति संख्या क्रमिक रुपमा राम्रो हुदै गई बढ्दै गएको र पछिल्लो अवस्थामा होटेलसँग भएको प्रेक्षालयको क्षमता भन्दा निकै बढी शेयरधनी महानुभावहरुको बार्षिक साधारण सभाहरुमा उपस्थिति हुने प्रवृति रहेको अवस्थामा सबै शेयरधनीहरु हलमा नअटने परिस्थिति सृजित भएको र शेयरधनीहरुलाई बाहिर राखेर बार्षिक साधारण सभा गर्न नसक्ने भएपछि मात्रै ठुला सभागृह रोज्नु परेको हो र यो कम्पनीको बाध्यता पनि हो । त्यसैले, कम्पनीको ४३औं बार्षिक साधारण सभा त्रिभुवन आर्मी अफिसर्स क्लबको प्रेक्षालय, टुँडिखेल, सुन्धारा, काठमाडौंमा सुसम्पन्न गरेका थियौं । तत्पश्चातका कम्पनीका बार्षिक साधारण सभाहरु नियमित रुपमा नेपाल प्रज्ञा प्रतिष्ठानको यसै प्रेक्षालयमा सुसम्पन्न भई रहेको जानकारी शेयरधनी महानुभावहरु समक्ष गराउनु हुदै यसलाई शेयरधनी महानुभावहरुले अन्यथा मान्न नहुने भन्नु भयो ।

२. शेयरधनी महानुभावहरुको ६ वटा कम्पनीको साधारण सभा भएको दिनमा सोल्टी होटलले आफ्नो साधारण सभा जुधाएकोले शेयरधनीहरुको उपस्थित नभइ हल खाली भएको भन्ने सम्बन्धमा साधारण सभा कुन कम्पनीले कहिले सम्म गर्ने भन्ने व्यावस्था कम्पनी ऐनमा रहेको भएतापनि तोकिएको समय अवधि भित्र कहिले गर्न उपयुक्त हुन्छ भन्ने अधिकार सम्बन्धीत कम्पनीमा निहित रहेको हुने हुंदा यसमा कम्पनीले भन्नु पर्ने केही छैन । तर जानाजानी साधारण सभा जुधाउने भन्ने हुदैन धेरै भन्दा धेरै शेयरधनी महानुभावहरुको उपस्थिति सबैले अपेक्षा गरेकै हुन्छन् । साथै, शेयरधनी महानुभावहरुमा समग्रमा यस सभामा तत्कालको उपस्थिति राम्रो रहेको समेत जानकारी गराउनु भयो ।

३. एक जना बक्ता शेयरधनी महानुभावले कम्पनीको बित्तीय अवस्थाको राम्रो विश्लेषण गर्नु भयो । शेयरधनीहरुको शेयर पूंजिको प्रतिफल केही ढीलो हुने देखिन्छ । यसको मुख्य कारण कम्पनीको ऋण पूंजिको अनुपात हो यसलाई हेर्नु भयो भने ऋण नै छैन । लामो इतिहास बोकेको ५३ बर्ष पुरानो कम्पनी भएकोले सञ्चालन खर्च तथा कर्मचारी खर्च तथा मर्मत सम्भार व्यावस्थापन खर्च अलि बढी हुने गर्दछ । कम्पनीमा ऋणको दायित्व नभएको अवस्थामा शेयर पूंजिको प्रतिफल फिर्ता हुने समय लम्बीन सक्दछ । तथापी प्रतिफल फिर्ता हुने समय अन्य नयां समकक्षी होटेलहरुको दाँजोमा समानान्तर नै रहेकोछ ।

४. समग्रमा कुल आम्दानीको सम्बन्धमा कोठा आम्दानी घट्नु चिन्ताको विषय हो । कोठा आम्दानीमा हुने ह्रासलाई कम्पनीले अत्यन्त गम्भिरता पूर्वक लिदै त्यसलाई नियमित रुपमा विश्लेषण गरी रहेकोछ । काठमाण्डौमा संचालनमा आएका समकक्षी नयाँ पाँच तारे अन्तर्राष्ट्रिय चेन होटलहरु प्रतिको आकर्षणले पाहुनाहरु नयाँ होटलहरु तर्फ आकर्षित भएकाले पुराना होटेलको कोठा आम्दानी घट्न गएको पनि हुन सक्दछ यो अध्ययनको विषय हो, यसमा होटेल व्यावस्थापन चनाखो र सक्रिय रहेको छ । कोठा विक्रिबाट भएको कुल आम्दानी भन्दा खाद्य तथा पेय पदार्थको विक्रिबाट भाएको आम्दानी धेरै भएको भनीएकोमा प्रतिकात्मक होटेलहरुको कोठा आम्दानी र खाद्य तथा पेय पदार्थको विक्रिबाट प्राप्त हुने आम्दानीको अनुपात सँग यस कम्पनीको होटलको कोठा आम्दानी र खाद्य तथा पेय पदार्थको आम्दानीको अनुपात मेल खाँदैन किनकि त्यसलाई खाद्य तथा पेय पदार्थ विक्रिका अन्य घटकहरुले असर गरिरहेका हुन्छन । यस कम्पनीको होटेलका खाद्य तथा पेय पदार्थ आम्दानीका श्रोतहरु धेरै छन् जसमा रेष्टूरां, बैंगक्विट, सभा समारोहबाट हुने आम्दानी तथा हवाई सेवाका उडानहरुमा प्रदान गरिने फ्लाइट क्याटरिङ सेवाबाट प्राप्त हुने आम्दानी समावेश रहेका छन् ।

५. सञ्चालक समिति कम्पनीको सेवामा स्थानीय जनशक्तिलाई प्राथमिकता दिनुपर्छ भन्ने कुरामा सजग छ र निरन्तर रुपमा प्रयासरत पनि रहेको छ । तथापी, कतिपय जिम्मेवारीपूर्ण पदहरुमा नेपालमा अपेक्षित अन्तर्राष्ट्रिय स्तरको तालिम प्राप्त आवश्यकतानुसारको जनशक्ति उपलब्ध नभएको अवस्था पनि छ । यो सँधैका लागि होइन स्थानीय स्तरको जनशक्ति अपेक्षित रुपमा दक्ष भए पश्चात स्वतः घटने अपेक्षित छ । कम्पनीको लागि स्थानीय जनशक्ति नै प्राथकितामा पर्दछन् ।

६. शेयरको बजार मूल्य बृद्धि भएन, उतार चढाव भयो, यसलाई बढाउनु पर्‍यो भन्ने शेयरधनीको गुनासोको सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सुचिकृत भएका कुनै पनि कम्पनीको शेयरको बजार मुल्य कम्पनीले निर्धारण गर्ने होइन यो खुल्ला बजारले निर्धारण गर्ने विषय हो । सोल्टी होटलको शेयरको बजार मुल्य पनि सोही अनुसार खुल्ला बजारले निर्धारण गरिरहेको हुन्छ । होटेलको कार्यसम्पादनले शेयर बजार मुल्यलाई असर भने पक्कै पार्छ । शेयरको बजार मूल्य नितान्त पूँजी बजारबाट निर्देशित हुने हो । कम्पनीको शेयरको बजार मुल्यलाई प्रभावित पार्न सक्ने सबै सूचनाहरु र कम्पनीका त्रैमासिक अवधिका कार्यसम्पादनका सूचांकहरु नियमित रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने तथा नेपाल स्टक एक्सचेंजमा समेत पठाउने गरिएको छ । कम्पनीले शेयर मूल्यमा असर पार्न सक्ने कुनै पनि सूचना सम्प्रेषणमा कहीकतै ढिलासुस्ती गरेको छैन ।

७. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत फरक तरिकाबाट सक्षम व्यक्तिहरुलाई रोजगारीको अवसर दिने सन्दर्भमा होटेलमा यस किसिमको व्यावस्था अगाडी देखीनै छ । हाल होटेलको रेष्टुरेण्ट विभाग अन्तर्गत चार जना फरक तरिकाबाट सक्षम व्यक्तिहरु कार्यरत हुनुहुन्छ । साथै कम्पनीको नेपालगञ्जको पाँच तारे सोल्टी वेष्टेण्ड प्रीमियर होटेलमा पनि केही फरक तरिकाबाट सक्षम व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराईएको छ ।

८. नेपाल बायुसेवा निगमबाट रुपैंयां ३ करोड १७ लाख बक्यौता असुल उपर हुन बाँकी रकमको सम्बन्धमा सचालक समितिको प्रतिवेदनमा उल्लेख गरिए जस्तै यो कम्पनीको फ्लाइट केटरिंग एकाई एल एस जी स्काई सेफ फ्लाइट केटरिंग यूनिटले नेपाल बायुसेवा निगमका हवाई उडानहरुमा केटरिंग सेवा प्रदान गरे वापतको नियमित व्यावसायिक कारोबार अर्न्तगतको असुल उपर हुन बांकी नियमित व्यापारिक गतिबिधि अन्तर्गतको रकम हो । सोल्टी होटल र नेपाल बायुसेवा निगम विच स्थापना कालदेखि नै नियमित यस किसिमको व्यापारिक गतिबिधि भइरहेको र सोही नियमित ब्यापार अन्तर्गत २०७६ आषाढ मसान्तमा देखिएको रकम मात्र हो । लामो समय देखि उठ्न बाँकी रहेको रकम होइन, नेपाल बायुसेवा निगमबाट नियमित रुपमा होटेलले सेवा अनुसारको बिजक दिने र रकम लिने प्रक्रिया भई रहेको हुन्छ । शेयरधनीहरुले यसलाई अन्यथा लिनु भएन ।

९. कम्पनीको कूल आम्दानी तथा खुद मुनाफा बृद्धि गर्नुपर्‍यो भन्ने सम्बन्धमा यो स्वभाविक नै हो कम्पनीको सञ्चालक समिति पनि यही धारणाका साथ सक्रिय रहेकोछ । त्यसैगरी होटेल व्यावस्थापनका पदाधिकारीहरु तथा होटेल व्यावस्थापक समूहको प्रयास पनि आम्दानी तथा खुद मुनाफामा अभिबृद्धि रहेको छ र निरन्तर रहने छ ।

१०. संचित मुनाफा कोषमा रकम कम भयो भन्ने सबन्धमा संचित मुनाफा कोष बढाउँदा मुनाफा वितरण दर घट्छ त्यो स्वभाविक हो । संचित मुनाफा कोष राख्ने सम्बन्धमा कुनै मापदण्ड वा शुत्र छैन । यो समसामयिक अवस्था र व्यावसायीक गतिबिधिमा निर्भर हुने बिषय हो । संचित मुनाफा कोषमा रकम बढी राख्दा कम्पनीको संकटमय परिस्थिति आएमा संस्थालाई सामान्य रुपमा सञ्चालन गर्न सहज हुन्छ । पर्यटन क्षेत्र धेरै संवेदनशिल क्षेत्र हो । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा सामान्य घटनाले पनि । पर्यटन क्षेत्रलाई ठूलो असर पर्छ । विगतका वर्षहरुमा पर्यटन उद्योग यस्तो असहज अवस्थाबाट गुज्री सकेको छ । त्यसैले कम्पनीले संचित मुनाफा कोषलाई पनि प्राथमिकतामा राखेको छ । जसले संस्थाको मूल्य निर्माण र सम्पत्ति सृजना गर्न सहयोग पुर्‍याउँछ, र त्यो शेयरधनीहरुको लागि खुसीको कुरा हो त्यसले नै शेयर बजारमा शेयरको मुल्यलाई सबलिकरण गर्दछ ।

११. नेपाल भ्रमण बर्ष २०२० को लोगो सम्बन्धमा बार्षिक प्रतिवेदनको कभर र अन्तिम पानामा लोगो राखिएको छ । कार्यक्रमस्थलको स्टेजमा राखिएको ब्यानरमा पनि त्यो लोगो राख्दा राम्रो हुन्थ्यो शेयरधनी महानुभावको सुझावका लागि धन्यवाद छ । नेपाल भ्रमण बर्ष २०२० बाट हामीले ठूलो अपेक्षा गरेका छौं । पर्यटनको सम्पूर्ण क्षेत्रको विकाशको लागि यसले ठूलो सहयोग गर्नेछ र यसले देशको पर्यटन व्यावसायलाई नयाँ आयाम दिनेछ भन्ने अपेक्षा गरौं । नेपाल सरकारले सन् २०२० देखि २०३० सम्मको दशकलाई पर्यटन दशकको रुपमा मनाउने र बार्षिक ५० लाख पर्यटक भित्र्याउने लक्ष्य सहित १० बर्षे पर्यटन नीति घोषणा गरेको छ । अपेक्षा गरौ कि त्यसले यस होटललाई पनि प्रत्येक्ष एवं परोक्ष रुपमा सहयोग मिल्नेछ र कम्पनीको आम्दानी तथा खुद मुनाफा बृद्धि हुनेछ ।

१२. वितरण हुन बाँकी लाभांशको सम्बन्धमा सो रकम चाडो भन्दा चाँडो सम्बन्धीत शेयरधनीहरुले पाउन भन्ने कम्पनीको पनि चाहना हो । यसका लागि सम्बन्धीत शेयरधनीहरुलाई भुक्तानी दिन का लागि कम्पनीले निरन्तर प्रयास गरि रहेको छ । सो क्रममा होटेलले शेयरधनीसंग सम्पर्क गरेर, सन्देश पठाएर, बार्षिक साधारण सभाको सभा हलमा सूचना टाँस गरेर, कम्पनीलाई उपलब्ध गराएको सम्पर्क ठेगाना, टेलिफोन, इमेल लगाएतका उपलब्ध माध्यमहरुबाट सम्पर्क गरेर तथा अखबारहरुमा सूचना प्रकाशन गरेर भुक्तानी गर्ने प्रयास गरिरहेको छ । आजको यस साधारण सभाको हलमा उपस्थित शेयरधनी महानुभावहरुले चिन्नु भएको कोही शेयरधनीहरु जसको लाभांश लिन बाँकी छ उहाँहरुलाई तत्काल लिन जान खबर गरि सहयोग

गरिदिनु भएमा कम्पनी अत्यन्त आभारी रहनेछ। साथै, स्मरण रहोस् कि वितरण हुन बाँकी लाभांशको रकम कम्पनीले कतई प्रयोग गरिरहेको छैन छुट्टै बैंक खातामा जम्मा रहेको छ । कानूनी रुपमा शेयरधनी महानुभावहरुले दावि नगरेको वा भुक्तानी नलिएको कम्पनीले साधारण सभाबाट लाभांश वितरण गर्ने घोषणा भएको मितिले पांच वर्ष नाघेको लाभांश नेपाल सरकारले स्थापित गर्ने लागानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।

१३. कम्पनीको संचालक समिति ठुलो भयो भन्ने शेयरधनी महानुभाको गुनासोको सम्बन्धमा कम्पनी कानुनमा भएको कानूनी व्यावस्था समेतलाई सङ्केत गर्दै कम्पनी ऐनमा पब्लिक कम्पनीका सञ्चालकको न्यूनतम र अधिकतम संख्या तोकिएको भएतापनि ठिक यत्तिनै जना हुनु पर्छ भन्ने स्पष्ट व्यवस्था गरेको छैन । साथै कम्पनीको पूजिँगत संरचना वा अन्य कुनै पनि आधारमा सञ्चालकको संख्या यकिन गर्ने कुनै सूत्र पनि छैन । अत: नेपालको कम्पनी ऐन र कम्पनीको नियमावलीमा तोकिए बमोजिम कम्पनीमा सञ्चालक समिति गठन हुँदै आएको छ । बैंक तथा वित्तीय संस्थासंग यस कम्पनीलाई दांजेर हेर्नु भएन । बैंक तथा वित्तीय संस्था एवं सेवा र उद्योग मुख्य उद्देश्य भएका कम्पनीहरु एउटै मापदण्डबाट संचालित हुदैनन् भन्ने कुरा बुझ्नु जरुरी छ।

१४. भोटेकोशी पावर कम्पनीको लाभांशको सम्बन्धमा भोटेकोशी पावर कम्पनीको लाभांश नआउँदा यस कम्पनीको लभांश रोकिने होइन। भोटेकोशी पावर कम्पनीमा यस कम्पनीको पनि लगानी रहेको छ। सो लगानी बापत यस कम्पनीले पाउदै आएको लाभांश न आउन सक्दछ भनिएको हो। उक्त कम्पनी पहिरो र भुकम्पको चपेटामा परि करिब ३ बर्ष देखि बन्द रहेकोले उक्त कम्पनी सञ्चालनमा नआए सम्म उक्त कम्पनीले लाभांश वितरण गर्न नसक्ने जानकारी प्राप्त भएकोले सो सम्बन्धी जानकारी शेयरधनी समक्ष पुऱ्याइएको मात्र हो। कम्पनी पुर्ननिर्माण पश्चात सञ्चालमा आएको छ आशा गरौं कि आगामी बर्षबाट लाभांश वितरण गर्न सक्षम होस्।

१५. अशोध्य तथा संदिग्ध असामीको सम्बन्धमा शेयरधनीबाट उठेको प्रश्नको प्रत्युउत्तर दिनुहुदै कार्यकारी अध्यक्षज्यूले होटेल व्यावसाय अत्यन्त संवेदनशिल उद्योग हो, होटेलको सबै ब्यापार नगद लेनदेनमा मात्रै सिमित हुँदैन केही उधारोमा पनि दिनुपर्ने हुन्छ भन्नु भयो। उधारोमा गएको ब्यापारमा कहिले काही सम्बन्धीत असामी कम्पनी वा ब्यक्ति दुर्भाग्यवश रकम भुक्तानी गर्न नसक्ने गरी टाठपल्टने वा निजबाट कुनै पनि अवस्थामा लेना असुल उपर हुन नसक्ने र उठाउने सबै आधारहरु समाप्त भएको अवस्था आउने हुँदा सो भावी अवस्थाबाट नोक्सानीको जोखिमलाई बचाउनका लागि कानूनी तथा लेखा सम्बन्धी प्रचलित मापदण्ड अनुसार अशोध्य तथा संदिग्ध असामी व्यवस्था गरी लेखांकन गरिन्छ। यस कम्पनीले पनि उक्त जोखिम व्यवस्थापनको लागि नियमित रुपमा बार्षिक रु. ५० लाख रकम विनियोजन व्यवस्थागरि छुट्टै अशोध्य तथा संदिग्ध असामी व्यवस्था गरेको हो जसबाट अशोध्य तथा संदिग्ध असामीको जोखिमबाट पूर्ण सुरक्षीत हुन सक्छौं ।

१६. पोखरामा होटल खोल्ने सम्बन्धमा पोखराको लेक साइडमा यस कम्पनीको लगानी रहेको सम्बद्ध कम्पनीले ३ बर्ष अघि नै जग्गा खरिद गरि सकेको छ । अहिले पोखरामा साना होटेल तथा लजहरुमा ब्यापार राम्रो देखिएतापनि ठूला होटेलहरुको ब्यापार सुस्त छ । त्यसैले, पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भए पश्चात् सो विमानस्थल सञ्चालनमा आउने निश्चित भएपछि त्यहां पनि होटेल निर्माण गरी संचालन गर्ने कार्ययोजना रहेको छ।

१७. कम्पनले चालु आर्थिक बर्ष २०७६/७७ मा वितरण गर्ने मुनाफाको सम्बन्धमा प्रतिवद्धता व्यक्त गर्ने माग गरिएको सन्दर्भमा कार्यकारी अध्यक्षज्यूले सम्भावनाको आधारमा प्रतिवद्धता व्यक्त गर्नु हुदैन भन्नु हुदै

वास्तविकताका आधारमा मात्र प्रतिवद्धता गर्नु पर्दछ भन्नु भयो । कम्पनीको पहिलो त्रैमासिक सम्मको वित्तीय विवरण सम्बन्धी जानकारी सार्वजनिक भई सकेको छ र बाँकी समयको विवरण आए पश्चात कम्पनीको वित्तीय अवस्था यहांहरु आफैले आकलन गर्न सक्नुहुनेछ भन्नु भयो । गत आर्थिक बर्षको तुलनामा यस आर्थिक बर्ष कम्पनीलाई काठमाण्डौमा धेरै नयां पांच तारे स्तरका होटेलहरु संचालनमा आएकाले केही दबाव भने निश्चित रुपमा परेको छ । हाल पाँच तारे स्तरका होटलहरुमा करिब १४० प्रतिशत कोठाहरु थप भएका छन् तथापी पर्यटक आगमन संख्यामा सोही अनुपातमा भने बृद्धि भएको देखिएको छैन । जसको कारण स्वभावीक रुपमा कोठाको ब्यापार तथा आयमा असर पर्नेछ । सञ्चालक समितिले कम्तिमा पनि अघिल्ला तीन आर्थिक बर्षहरुको आम्दानी र अन्तिम मुनाफालाई कायम राख्ने गरी कार्यसम्पादन गर्नका लागि निरन्तर प्रयास गरिरहेको छ तथापि अहिलेनै प्रतिवद्धता जाहेर गर्न भने सकिदैन ।

१८. अन्त्यमा कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनीमहानुभावहरुमा हार्दिक शुभकामना तथा धन्यवाद दिनु हुदै आफ्नो प्रत्युत्तरको क्रम समाप्त गर्नुभयो ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा र प्रश्नहरुको प्रत्युत्तर दिनु भए पश्चात् सभा समक्ष बांकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ४

(४५औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)

कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति सम्बन्धी सिफारिशको प्रस्तुती

४५औं साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

अध्यक्ष महोदय,

संचालक समितिका सदस्यज्यूहरु,

आदरणीय शेयरधनी महानुभावहरु,

व्यावस्थापन समुहका पदाधिकारीज्यू हरु,

कानूनि सल्लाहकार तथा निर्वाचन अधिकृतज्यूहरु,

लेखापरीक्षक तथा महिला एवं सज्जनबृन्द,

आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०७६ कार्तिक ३ गते तदनुसार २० अक्टूबर २०१९ आईतबारका दिन कम्पनीको लेखापरीक्षण समितिको ६८औं बैठकमा बिस्तृत छलफल भई कम्पनीको मिति २०७६ मंसिर २ गते तदनुसार १८ नोभेम्बर २०१९ सोमबारका दिन बसेको संचालक समितिको २२६औं बैठकमा लेखा लेखापरीक्षण सिमतिले संचालक समिति समक्ष प्रतिवेदन समेत प्रस्तुत गरेको जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको कार्यकाल ४५औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुंदैछ । शेयरधनी महानुभावहरु समक्ष निवर्तमान लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस् कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम पुर्ननियुक्तिका लागि योग्य भएको जानकारी गराउदै सोही ऐनको दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको कुरा कम्पनीलाई लिखित रुपमा जानकारी गराउनु भएको समेत जानकारी गराउदछु ।

लेखापरीक्षण समितिमा कम्पनीको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गरि त्यसको अनुमोदन तथा स्वीकृतिका लागि ४५औं वार्षिक साधारण सभासमक्ष पेश गर्ने विषयमा विस्तृत छलफल भएको थियो ।

आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने विषयमा विस्तृत छलफल पश्चात् निवर्तमान लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्को लेखापरीक्षणको कार्यसम्पादन सन्तोषजनक रहेको मुल्यांकन तथा निष्कर्ष सहित सोहि चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई नै चालु आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को लागि पनि कम्पनीको बैधानिक लेखापरीक्षकमा पुन:नियुक्त गर्न शिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई सो सम्बन्धमा कम्पनीको यस ४५औं वार्षिक साधारण सभा समक्ष स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंलाई वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई यस ४५औं बार्षिक साधारण सभाबाट पारित गर्नुहुनका लागि हार्दिक अनुरोध गर्दछु ।

साथै, लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा उक्त बैठकले श्री पिकेएफ टी आर उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा छलफल पश्चात् चालू आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को लागि कम्पनीको बैधानिक लेखापरीक्षण (Statutory Audit) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ४,५०,००० (रुपैयां चार लाख पचास हजार मात्र) र कम्पनीको चालू आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को कर लेखापरीक्षण (Tax Audit) गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. १,००,००० (एक लाख मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरी सो प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि समितिले यस ४५औं वार्षिक साधारण सभा समक्ष सिफारिश गरेको अनुरोध छ ।

अतः समग्रमा लेखापरीक्षण समितिको सर्वसम्मत सिफारिश अनुसार पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंलाई बैधानिक लेखापरीक्षण (Statutory Audit) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ४,५०,००० र कर लेखापरीक्षण (Tax Audit) गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. १,००,००० पारिश्रमिक (लेखापरीक्षण शुल्क) पाउने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्तिको प्रस्ताव पारित गर्नका लागि यस ४५औं बार्षिक साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ४५औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

visit Nepal 2020 Lifetime Experiences




Soaltee Hotel Limited

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : **shl@soaltee.com.np**